आज मिति २०७७ साल भाद्र ०३ गते कोभिड–१९ संक्रमण नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी जिल्लास्तरीय Covid-19 Crisis Management Center का संयोजक तथा प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

सल्लाहकारः

| | | | |
|---|---|---|---|
| १. | श्री उद्धव के.सी. | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय, काभ्रे |
| २. | श्री अशोक कुमार व्याञ्जु श्रेष्ठ | नगर प्रमुख | धुलिखेल नगरपालिका कार्यालय, काभ्रे |

उपस्थितिः

| | | | |
|---|---|---|---|
| १. | श्री श्रवणकुमार तिमिल्सिना | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| २. | श्री लक्ष्मीदेवी होमागाई खतिवडा | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| ३. | श्री केशब प्रसाद रिजाल | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय, काभ्रे |
| ४. | श्री सुवास खड्का | प्र.से. | विष्णुदल गण, काभ्रे |
| ५. | श्री रविकुमार पौडेल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, काभ्रे |
| ६. | श्री महेश के.सी. | स.प्र.उ. | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., काभ्रे |
| ७. | श्री सरोज निरौला | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, काभ्रे |
| ८. | डा. श्री नरेन्द्र कुमार झा | स्वा. प्र. | स्वास्थ्य कार्यालय, काभ्रे |
| ९. | डा. श्री सुमन ताम्राकार | प्रवक्ता | धुलिखेल अस्पताल, काभ्रे |

निर्णयहरुः

१. कोभिड–१९ को संक्रमण देशव्यापी रुपमा बढ्दै गएको अवस्थालाई मध्यनजर गरी विभिन्न जिल्ला तथा स्थानिय तहहरुले निषेधाज्ञा तथा लकडाउन घोषणा गरी रोग नियन्त्रण तथा न्यूनिकरणको प्रयास भइरहेको अवस्थालाई मध्यनजर गर्दै यस जिल्लामा पनि उक्त रोगको संक्रमण दैनिक रुपमा बढ्दै गएको अवस्थामा यसको नियन्त्रण तथा रोकथाम गर्ने शिलशिलामा यस जिल्लामा सञ्चालन हुँदै आएका सबै किसिमका सार्वजनिक यातायातका साधनहरु भोलि मिति २०७७।५।४ गतेबाट भाद्र १० गतेसम्म सञ्चालनमा पूर्ण रोक लगाउने ।

२. यस जिल्लाका मुख्य बजार क्षेत्रहरु धुलिखेल, बनेपा, पनौती, पाँचखाल र नमोबुद्धमा मानिसहरुको भिडभाड तथा अनावश्यक आवागमन बढ्दै गएको यस समितिले महशुस गरी संक्रामक रोगको रुपमा फैलिदै गएको कोभिड–१९ नियन्त्रण तथा न्यूनिकरणका लागि अर्को सूचना जारी नभएसम्म उल्लेखित क्षेत्रका व्यापार, व्यवसाय तथा अन्य खरिद बिक्रीजन्य क्रियाकलापहरु मिति २०७७।५।४ गते बिहानबाट प्रत्येक दिन बिहान ७.०० – ९.०० बजेसम्म र बेलुकी १६.००–१८.०० बजेसम्म सामाजिक दुरी तथा न्यूनतम स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरी सञ्चालन हुन दिने ।

३. नेपाल सरकार गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ४९३ मिति २०७७।०५।०४ को पत्रानुसार जिल्ला प्रशासन कायालय काठमाडौंबाट मिति २०७७।५।२ गते जारी आदेश कार्यान्वयनका लागि DCCMC काभ्रेबाट आवश्यक सहयोग, समन्वय तथा सहजिकरणको व्यवस्था मिलाउने ।